# नगर उप-प्रमुख श्री संगिता सुवेदी बाट एघारौं नगरसभा प्रस्तुत
# कोहलपुर नगरपालिकाको बजेट बक्तव्य

मितिः २०७९ असार ८

कोहलपुर नगरपालिकाको एघारौं नगरसभाका आदरणीय सभाध्यक्ष ज्यू,
यस सभामा उपस्थित नगर सभाका सम्पुर्ण सभासद् ज्युहरु म यहाँहरु सवैलाई हार्दिक अभिवादन गर्दै कोहलपुर नगरपालिकाको उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जूमा समितिको संयोजकको हैसियतले आगामी आ.व. २०७९/०८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आदरणीय सभाध्यक्ष ज्यू,

१. शासन व्यवस्थामा जनताको अधिकार स्थापित गराउन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न र सबै खालका स्वतन्त्रताको आन्दोलनहरुमा वीरगति प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति सद्धासुमन अर्पण गर्न चाहन्छु ।

२. नेपालको संविधान बमोजिम जनमत प्राप्त स्थानीय सरकारको उप—प्रमुखको हैसियतमा आगामी आ.व.२०७९।०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गरी रहँदा नगरको शिक्षा, स्वास्थ्य तथा मुलुकको आर्थिक, सामाजिक जीवनको सुरक्षाको प्रश्नले अत्यन्त गम्भीर छु । यस महामारीको संकटबाट अलिकति सामान्य हुँदै गएको अवस्थालाई सामना गर्न सबै नगरबासीको साथ र सहयोगका लागि हार्दिक अनुरोध गर्न चहान्छु ।

३. हालको आर्थिक रुपमा विषम परिस्थितिमा हामीलाई प्राप्त भएको सीमित स्रोतलाई सन्तुलित र प्रभावकारी परिचालनका माध्यमबाट समृद्धिको मार्गमा प्रस्थान गर्नुपर्ने महत्वपूर्ण लक्ष्य हाम्रो सामु आएकोछ। यस लक्ष्यलाई प्राप्त गर्न कोहलपुर नगरपालिकाको आ.व.२०७९।०८० को अनुमानित आय-व्यय यस गरीमामय एघारौं नगरसभामा प्रस्तुत गर्न पाउँदा म आफु गौरवान्वित भएको महसुस गरेको छु।

४. बजेटका प्रचलित सिद्धान्त, मुल्य एवं मान्यताहरुलाई आत्मसाथ गर्दै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को अनुशरण गर्दै आ.व.२०७९।०८० को यो बजेटको खाका तयार गरीएको छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित राज्यका मार्ग निर्देशक सिद्धान्त तथा नीतिहरु, संविधानमा लिपिवद्ध मौलिक हकहरु, पन्ध्रौं राष्ट्रिय योजनाका प्राथमिकताहरु, प्रदेश सरकारको प्रथम आवाधिक योजनाका प्राथमिकताहरु, दिगो विकासका लक्ष्य तथा नेपाल सरकार र प्रदेश सरकारको नीति, मार्ग दर्शन र बजेट नीति तथा यस नगरपालिकाको प्रथम आवाधिक योजना र मध्यकालिन खर्च संरचनाका प्राथमिकताहरुलाई समेत आधार मानी यो बजेट तर्जुमा गरीएको छ।

५. कोभिड-१९ को आगामी दिनमा आउन सक्ने संभावित तेस्रो लगायत अन्य महामारीको रोकथाम, नियन्त्रण, उपचार, खोपको, निःशुल्क परिक्षण, क्वारिन्टिन, आईशोलेशन सेन्टर, कोभिड अस्पताल संचालन, कन्टयाक्ट ट्रेसिङ्ग, जनशक्ति व्यवस्था, एम्बुलेन्स लगायत औषधी उपकरणको भरपर्दो व्यवस्था गर्न आवश्यक बजेट विनियोजन पेश गरेको छु ।

६. आ.व.२०७९।०८० को वार्षिक नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकताका रुपमा रहेको स्वास्थ्य र शिक्षालाई आवश्यक पर्ने पर्याप्त बजेटको व्यवस्था गएिको छ। कोहलपुर नगर स्वास्थ्य अस्पताल, वडाका स्वास्थ्य संस्थाको विकास तथा सम्वर्द्धन गरी नागरीकको घरदैलोमै गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि लागि रु १,३५,००,०००। (एक करोड पैंतिस लाख रुपैंया) विनियोजन गरीएको छ। सर्पदंश उपचार केन्द्र र रेबिज रोगको उपचार सहयोगका लागि आवश्यक बजेटको व्यवस्था गरी कार्यक्रम संचालन गरीने छ।

७. सामाजिक, भाषिक तथा सांस्कृतिक विविधताले भरिपुर्ण यस सुन्दर कोहलपुर नगरीलाई धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रको रुपमा विकास गर्न सकिने उच्च सम्भावनायुक्त नगरको रुपमा विकास गरी नगरका जनताको आर्थिक समृद्धिमा सहयोग गर्ने कार्यभार हाम्रो सामु रहेको छ।

८. यस नगरपालिकामा यातायात, विद्युत खानेपानी, ढल निकास, संचार, स्वास्थ्य, शिक्षा लगायतका पुर्वाधारहरुको विकास योजनाबद्ध रुपमा गर्दै दलित, महिला, तेस्रो लिंगि, आदिवासी जनजाति, थारु, मुस्लिम, मधेसी, मुक्त कमैया र कम्लहरीहरुको शसक्तिकरण र क्षमता विकासका कामहरुमा लगानी बढाउनु पर्ने अवस्था देखिन्छ। यसै वर्ष देखि मातृशिशु पोषण, महिला प्रजनन् स्वास्थ्य र बालबालिकालाई सफा पिउने पानीका लागि आवश्यक बजेट व्यवस्था गरीएको छ।

९. बिभिन्न कारणले बैदेशिक रोजगारीका अवसरहरु गुमाई फर्किएका नागरीकहरुलाई तत्काल रोजगारी सृजना गर्न कृषि तथा पशुपंक्षी पालन क्षेत्रमा लगानी प्रेरित गर्न आवश्यक बजेटको व्यवस्था गरीएको छ। युवा रोजगार, श्रम बैंक र युवाको जवानी कोहलपुरमा लगानी जस्ता कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१०. गरीब विपन्न तथा जेहन्दार विद्यार्थी र सडक मजदुरका सन्ततीको शिक्षाको लागि नगर प्रमुख छात्रवृत्ति कोषको व्यवस्थाका लागि रु १०,००,०००। (दश लाख रुपैंया) बजेट बिनियोज गरेको छु।

११. नगर गौरव तथा नगर स्तरीय योजनाका रुपमा रहेका योजनाहरु मध्ये निर्धारित समयमा नै सम्पन्न हुन सक्ने आयोजना लामो दुरीको बसपार्क, कभर्डहल र भ्युटावर निर्माण सम्पन्न हुने गरी बजेटको व्यवस्था गरीएको छ ।

१२. आ. व. २०७९।०८० को बजेटका मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन्।

- कोहलपुरलाई शिक्षाको हबका रुपमा बिकास गर्ने।

- डिजिटल कोहलपुरको प्रारुप तयार गर्ने।
- कोभिड-१९ तथा अन्य महामारी को रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको कार्य गर्ने।
- क्रमागत योजनाहरु सम्पन्न गर्ने।
- बैदेशिक रोजगारी गुमाएर आएका नागरीकहरुलाई स्वरोजगारीको श्रृजना गर्ने।
- कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने।
- पर्यटन पुर्वाधारको विकास र प्रवर्धन गर्ने।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई सेवाको क्षमता अभिवृद्धि गर्ने।
- आधुनिक र व्यवस्थित सहरीकरण गर्ने।
- सक्षम र सुदृढ स्थानीय सरकार बनाई सुशासन तथा विधि पूर्वक सेवा प्रवाह गर्ने।

१३. आ.व. २०७९/०८० को बजेटका प्राथमिकताका आधारहरु यस प्रकार रहेका छन्।

- शिक्षा, स्वास्थ्य को विकास गरी सूचना प्रविधिको उच्चतम उपयोग गर्ने।
- रोग तथा महामारीको रोकथाम, नियन्त्रण र उपचार गर्ने।
- रोजगारीको सृजना गरी आर्थिक पुनरउत्थान गर्ने।
- आर्थिक विकास र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने क्षेत्रमा राजस्व परिचालनमा योगदान पुऱ्याउने।
- स्थानीय श्रोत साधनमा आधारित भई विकास निर्माणमा जनसहभागितामा अभिबृद्धि गर्ने।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि गर्ने।
- दिगो विकास लक्ष्य, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने।
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने।

आदरणीय सभाध्यक्ष ज्यु ,

१४. आ.व. २०७९/०८० मा कोहलपुर नगरपालिकामा तपशिलमा उल्लेखित श्रोतहरुबाट आम्दानी

हुने लक्ष्य राखिएको जानकारी गराउदछु । जसको संक्षिप्त विवरण निम्नानूसार रहेको छ।

क) आन्तरिक राजस्व बाट रु २०,३१,९५,०००।— (बिस करोड एकतिस लाख पन्चानब्बे हजार।)

ख) संघीय सरकार बाट प्राप्त हुने अनुदान रकम रु ५८,०१,००,०००।(अन्ठाउन्न करोड एक लाख रुपैंया)

ग) प्रदेश सरकार बाट प्राप्त हुने अनुदान रकम रु ५,००,१६,०००।(पाँच करोड सोह्र हजार रुपैंया)

जम्मा रु ८३,३३,११,०००।(त्रियासी करोड तेत्तिस लाख एघार हजार)

## आ. व. २०७९/०८० को बजेटको स्रोत अनुमान तथा सिमा निर्धारण

| क्र. सं. | श्रोतको अनुमान | आ.व ०७९।८० को अनुमान |
|---|---|---|
| १ | सङ्घीय सशर्त-चालु | ३०५३००००० । (तीस करोड त्रिपन्न लाख) |
| २ | सङ्घीय सशर्त-पुँजीगत | ४३१००००० । (चार करोड एकतीस लाख) |
| ३ | सघिंय समपुरक अनुदान | ६०००००० । (साठी लाख) |
| ४ | सघिंय विशेष अनुदान | १५०००००० । (एक करोड पचास लाख) |
| ५ | प्रदेश सशर्त | ११०००००० । (एक करोड दश लाख) |
| ६ | सङ्घीय समानीकरण | २१०७००००० । (एकाइस करोड सात लाख) |
| ७ | सङ्घीय राजश्व बाँडफाँट | १५०२८९००० । (पन्ध्र करोड दुइ लाख उनानब्बे हजार) |
| ८ | प्रदेश समानीकरण अनुदान | १२०१६००० । (एक करोड बीस लाख सोह्र हजार) |
| ९ | प्रदेश समपुरक अनुदान | २०००००००। (दुई करोड) |
| १० | प्रदेश विशेष अनुदान | ७०००००० । (सत्तरी लाख) |
| ११ | सवारी साधन कर बाँडफाँट | १३०००००० । (एक करोड तीस लाख) |
| १२ | प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट ( राष्ट्रिय वन) | १०००००० । (दश लाख) |
| १३ | आन्तरिक श्रोत | २०३१९५००० । (बीस करोड एकतिस लाख पन्चानब्बे हजार) |
| १४ | अल्या | १२००००००० । (बाह्र करोड) |
| १५ | नगर विकास कोष (ऋण अनुदान) | ५०००००००। (पाँच करोड ) |
| **जम्मा** | | **११६७६०००००।**(एक अरब सोह्र करोड छ्यहत्तर लाख) |

घ) नगर विकास कोषको ऋण अनुदान रु ५,००,००,०००। (पाँच करोड रुपैंया)

ङ) संचित कोषमा मौज्दात हुन आउने अनुमान रु १२,००,००,०००। (बाह्र करोड रुपैंया)

जम्मा रु १७,००,००,०००। (सत्र करोड रुपैंया) समेत गरी कुल जम्मा रु १,१६,७६,००,०००। (एक अरब सोह्र करोड छ्याहत्तर लाख रुपैंया) आय हुने लक्ष्य प्रस्ताव गरेको छु।

जसको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ।

१५) संघीय सरकारबाट प्राप्त हुने सशर्त तर्फको बजेट रु ३४,८४,००,०००।- (चौंतिस करोड चौरासी लाख) र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त तर्फको बजेट रु १,१०,००,०००। (एक करोड दशलाख रुपैंया) लाई बजेटमा कार्यक्रम क्रियाक्लाप तथा

रकम नै तोकी पठाइएकोले जे जस्तो अवस्थामा पालिकालाई बजेट तथा कार्यक्रम प्राप्त भएको सोही अनुसार नै यस बजेट तथा कार्यक्रम समावेश गरीएको छ।

१६) माथि प्रस्तुत आय विवरण बमोजिमको कुल बजेट रु १,१६,७६,००,०००।(एक अरब सोह्र करोड छ्याहत्तर लाख रुपैया) मध्य निःसर्त तर्फको बजेट रु ७१,०२,००,०००। (एकहत्तर करोड दुई लाख रुपैंया) लाई बाँडफाँड गरी कुल बजेट रु १,१६,७६,००,०००।(एक अरब सोह्र करोड छ्याहत्तर लाख रुपैया) लाई निम्न बमोजिमको क्षेत्रहरुमा प्रस्तावित बजेट पेश गरेको छु।

| आ.व.०७९।८० को क्षेत्रगत रुपमा बिनियोजित बजेटको विवरणः | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **क्र. सं.** | **खर्च शीर्षक** | **अनुमानित विनियोजन (रु.)** | **कैफियत** |
| **१** | | **प्रशासनिक खर्च** | **१७८००००००।<br>(सत्र करोड असीलाख)** | अनुसुचि -१ |
| **२** | | **सामाजिक विकास** | **८५२०००००। (आठ करोड बाउन्न लाख)** | |
| | २.१ | शिक्षा | ६३५००००० (छ करोड पैंतिस लाख) | अनुसुचि -२ |
| | २.२ | स्वास्थ्य | १३५००००० (एक करोड पैंतिस लाख) | अनुसुचि -३ |
| | २.३ | महिला, बालबालिका तथा समाज कल्याण | १८५०००० (अठार लाख पचास हजार) | अनुसुचि -४ |
| | २.४ | सामाजिक विकास शाखा | ५२५०००० (बाउन्न लाख पच्चिस हजार) | अनुसुचि -५ |
| | २.५ | आयुर्वेद | ११००००० (एघार लाख) | अनुसुचि -६ |
| **३** | | **आर्थिक विकास** | **१६००००००। (एक करोड साठी लाख)** | |
| | ३.१ | आर्थिक विकास शाखा | ६००००००।(साठी लाख) | अनुसुचि -७ |
| | ३.२ | कृषि विकास | ५००००००। (पचास लाख) | अनुसुचि -९ |
| | ३.३ | पशुपंक्षी तथा मत्स्य विकास | ५००००००। (पचास लाख) | अनुसुचि-१० |
| **४** | | **पूर्वाधार विकास** | **२८८६५००००। (अठ्ठाइस करोड छयासी लाख पचास हजार)** | |
| | ४.१ | क्रमागत तथा बहुबर्षिय योजना | १४०१५००००।(चौध करोड एक लाख पचास हजार) | अनुसुचि-११ |
| | ४.२ | ठुला भौतिक पुर्वाधार योजना | १११००००००। (एघार करोड एक लाख) | अनुसुचि-१३ |
| | ४.३ | म्याचिगं फन्ड | ३०००००००। (तीन करोड) | अनुसुचि-१४ |
| | ४.४ | भैपरि आउने पुंजीगत | ७५०००००।(पचहत्तर लाख) | अनुसुचि-१५ |

| | | | | |
|---|---|---|---|---|
| **५** | **वातावरण तथा विपद् व्यवस्थापन** | | **९९५००००।(उनान्सय लाख पचास हजार)** | |
| | ५.१ | विपद् व्यवस्थापन | ९९५००००।**(उनान्सय लाख पचास हजार)** | अनुसुचि-१६ |
| ६ | **वडा स्तरीय योजना** | | **८३००००००।(आठ करोड तीस लाख)** | अनुसुचि-१८ |
| **७** | | **नगर स्तरिय चालु योजनाहरु** | ४९४०००००।**(चार करोड चौरानब्बे लाख)** | अनुसुचि-१९ |
| **८** | | **सघिंय वित्तिय हस्तान्तरण अर्न्तगत** | **३६९४००००००।(छत्तिस करोड चौरानब्बे लाख)** | |
| | ८.१ | सघिंय शसर्त कार्यक्रम | ३४८४००००००। (चौतिस करोड चौरासी लाख) | अनुसुचि -१६ |
| | ८.२ | सघिंय समपुरक कार्यक्रम | ६००००००। (साठी लाख) | अनुसुचि-१८ |
| | ८.३ | सघिंय विशेष अनुदान तर्फका कार्यक्रमहरु | १५००००००।(एक करोड पचास लाख) | अनुसुचि-१९ |
| ९ | | **प्रदेश वित्तिय हस्तान्तरण अर्न्तगत** | **३८००००००। (तीन करोड असी लाख)** | |
| | ९.१ | प्रदेश शसर्त कार्यक्रम | ११००००००।(एक करोड दश लाख) | अनुसुचि -१६ |
| | ९.२ | प्रदेश समपुरक कार्यक्रम | २०००००००।(दुई करोड) | अनुसुचि-१८ |
| | ९.३ | प्रदेश अनुदान तर्फका कार्यक्रमहरु | ७००००००।(सत्तरी लाख) | अनुसुचि-१९ |
| **१०** | | **नगर विकास ऋण तर्फको कार्यक्रम** | ५०००००००।(पाँच करोड) | अनुसुचि-१६ |
| **जम्मा** | | | **११६७६००००००। (एक अर्ब सोह्र करोड छ्याहत्तर लाख)** | |

१७)कुल जम्मा रु. २८,८६,५०,०००। (अठ्ठाइस करोड छयासी लाख पचास हजार रुपैंया) नगरपालिकाको नगर गौरवका कार्यक्रम, ठुला योजना, क्रमागत योजना, म्याचिङ्ग फण्ड, भैपरि आउने पुँजीगत योजनाहरुका लागि आवश्यक बजेट विनियोजन गरीएको छ। यसका साथै सबै गाउँ बस्ती तथा टोलहरुमा सडक पुग्नेगरी आवश्यक बजेट प्रस्ताव गरेको छु।

१८)रोजगारी गुमाएर फर्कियका नागरीकहरुका लागि तत्काल रोजगारीका अवसरहरु सृजना गर्न कृषि र पशुपालन तथा अन्य उत्पादन मूलक क्षेत्रमा आवश्यक रकम विनियोजन गरेको छु।

१९)लामो समय देखि बसोवास गरीरहेका गाउँव्लकको जग्गा, अब्यवस्थित बसोबासी, भुमिहिन सुकुम्बासी तथा भुमिहिन दलितहरुलाई लालपुर्जा वितरण गर्नका लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु।

२०)सवै क्षेत्रको सन्तुलित विकास होस भन्ने हेतुले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकूद, संस्कृति, पर्यटन लगायतका सवै क्षेत्रको विकासका लागि आवश्यकता अनुसार बजेट विनियोजन गरीएको छ।

२१)समाजमा उपेक्षित र उत्पीडित अवस्थामा रहेका तथा  लक्षित वर्गहरु महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मधेशी, मुश्लिम, जेष्ठ नागरीक, अपाङ्ग लगायतको सशक्तीकरण र मुलप्रवाहीकरण का लागि आवश्यक बजेट विनियोजन गरीएको छ।

२२)राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राख्न र कार्यसम्पादनमा उत्प्रेरणा जगाउन फिल्ड भत्ता तथा प्रोत्साहन भत्ताको प्रस्ताव गरीएको छ।

२३)राज्यको चौथो अंग संचार जगतको उच्च सम्मान गर्दै स्थानीय सञ्चार माध्यमको विकास तथा संरक्षण गर्न आवश्यक बजेट विनियोजन गरीएको छ।

२४)वातावरण तथा विपद् व्यवस्थापन, उद्धार तथा राहतका लागि विपद कोष र निःशुल्क टोल फ्रि नम्बर सञ्चालनका लागि आवश्यक रकम विनियोजन गर्नुका साथै बाढी तथा प्राकृतिक प्रकोपबाट हुने कटान नियन्त्रणका लागि तटबन्ध निर्माण गर्न आवश्यक बजेट प्रस्ताव गरेको छु।

२५)वातावरण संरक्षण, भू संरक्षण र हरियाली प्रवद्र्धनका माध्यमबाट शहरी सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले वृक्षारोपण, बन विकास, पार्क निर्माण, चिल्ड्रेनपार्क, नर्सरी व्यवस्थापन लगायतका कार्यका लागि रकम विनियोजन गरेको छु।

२६)जनताहरुलाई वडा कार्यालयबाट दिइने सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न, आधारभूत स्वास्थ्य केन्द्र तथा वडा कार्यालयहरुको व्यवस्थापन, स्वास्थ्य मेसिनरी औजार, उपकरण, फोहरमैला व्यवस्थापन र अन्य भौतिक सामाग्रीहरु समेतको पर्याप्त व्यवस्था गर्नका लागि आवश्यक बजेट विनियोजन गरीएको छ।

२७)समग्र नगरको मुहार फेर्ने आयोजना (गेम चेन्जर प्रोजेक्ट) चप्परगौडी घुईयावारी अन्तरप्रदेश सडक, कर्भड हल, अनर्तराष्ट्रिय क्रिकेट मैदान, सिटिहल, लामो दुरीको बसपार्क, रिङ्ग रोड, आधुनिक बधशाला, वाल अस्पताल, २५ शैयाको अस्पताल, शबदाह गृह र फोहोरमैला तथा दिशाजन्य लेदो पदार्थ प्रशोधन केन्द्र निर्माण कार्य गर्न आवश्यक बजेटको व्यवस्था गरीएको छ।

२८)नगरक्षेत्रमा उद्योगी व्यवसायीहरुको आवश्यक सुरक्षा प्रबन्ध गर्न र सडक दुर्घटना न्यूनिकरण गर्न सिसिटिभि जडान, ट्राफिक लाईट जडान, प्रहरी बिट निर्माण र नियमित सुरक्षा गस्तीको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरीएको छ।

२९)प्रदुषण व्यवस्थापन तथा पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनिकरण गर्न प्रथम चरणमा कोहलपुर नगरपालिकामा कार्यरत कर्मचारी- जनप्रतिनिधिलाई विद्युतीय सवारी साधन खरिदमा १५ प्रतिशत र विद्युतिय चुल्हो खरिदमा २५ प्रतिशत रकम सहकार्य गर्ने नीति लिइएको छ।

३०)आन्तरिक श्रोत परिचालन मार्फत आन्तरिक आय बृद्धि गर्न राजस्व संकलन कार्यलाई प्रभावकारी बनाउन करदाता शिक्षा, करदाता सम्मान, घुम्ती शिविर तथा अभियान लगायतका विभिन्न कार्यक्रमहरु संचालन गरीनेछ।

३१)विद्यालय स्वास्थ्य तथा सरसफाई शिक्षा, किशोरीलाई निःशुल्क स्यानिटरी प्याड वितरण र समुदायमा स्वास्थ्य जागरणका लागि स्थानीय स्वास्थ्य विज्ञ तथा चिकित्सा विद्यार्थी परिचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३२)बालविकास सहयोगी कार्यकर्ता(शिक्षक) अवकास, विद्यार्थी सहायक सामग्री वितरण, विद्यालय शैक्षिक सुधार शिक्षक दक्षता तालिम बालविका र विद्यालय सुरक्षा तथा भौतिक पूर्वाधार निर्माण, स्वयं सेवक शिक्षक व्यवस्थापन, दरबन्दी मिलान, विद्यालयमा प्रविधि प्रयोग लगायतका शिक्षा क्षेत्रको विकास सम्वर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३३)खाद्यसुरक्षा तथा पोषण कार्यक्रम, उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमन लगायतका कार्यक्रमका र सुलभ खाना तथा खाजाघर सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३४) सामाजिक सुरक्षा, जेष्ठ नागरीक सम्मानका लागि तिर्थाटन लगायतका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३५) युवा उद्यमी बिकास सहकारी क्षेत्रलाई व्यवस्थापन, स्वरोजगारमूलक कार्यक्रम, सीप तथा दक्षता विकासका साथै किशोरी तथा महिलालाई आत्म सुरक्षाका साथै सवारी चालक तालिम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३६)कृषि क्षेत्रमा उत्पादकत्व वृद्धि गरी रोजगारी सृजना गर्न नष्लसुधार, कृत्रिम गर्भाधान, पशु विमा, पशु सुत्केरी भत्ता, यान्त्रिकरण, कृषि पकेट क्षेत्र विकास, रैथाने बिउ संरक्षण र घरदैलो कृषि प्राविधिक सेवा उपलब्ध गराउनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।साथै पशुहाटबजार र कृषि बजारलाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३७)नगरपालिकाको विकासका लागि सद्धावना दुत नियुक्त, विज्ञहरुको नीति समूह गठन गरी भावि स्वरुप कस्तो हुने विषयमा दक्ष विज्ञको राय सुझाव लिई प्रारुप तयार पार्न देश विदेशमा रहेका व्यक्तिहरुलाई खुल्ला आव्हान गरी उत्कृष्ट प्रारुप पेश गर्ने दक्ष विज्ञलाई उचित पुरस्कार प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३८)समग्र खेलकुद क्षेत्रको विकास गर्न, एक वडा एक खेल मैदान निर्माण र राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३९)मुख्य राजमार्ग सँग जोडिएका सडक स्तरोन्नति, आकाशे पुल निर्माण, ढलनिकासको व्यवस्थापन गर्न लगायतका पूर्वाधार निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४०)विपद् व्यवस्थापन, राहत तथा पुनर्स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४१)प्रशासनिक भवन निर्माण, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, कर्मचारी व्यवसथापन लगायत नगर प्रहरी भर्ना तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४२)हामीले ल्याएका कार्यक्रमहरु समयमै प्रभावकारी रुपमा सञ्चालन गर्न र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल गर्न यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सवै सरोकारवाल पक्षमा हार्दिक अनुरोध गर्दछु।

धन्यबाद।

संगिता सुवेदी

(उपप्रमुख)

कोहलपुर नगरपालिका